CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #१६
१० ।१ ।२०७७

भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



राहत वितरण
तस्बिर: AP/File Photo




## कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा हुने रकमको स्रोत

- नेपाल सरकारबाट प्राप्त हुने रकम
- प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त हुने रकम
- विदेशी सरकार, संघसंस्था वा व्यक्तिबाट प्राप्त हुने रकम
- सरकारी निकाय वा गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम
- स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त हुने रकम
- कोषको रकम बैंकमा राखी आर्जन हुने ब्याज रकम

कोरोना भाईरस संक्रमण नियन्त्रण भएपछि समितिको सिफारिस बमोजिम नेपाल सरकारको निर्णयबाट कोष विघटन हुनेछ र कोषको सम्पति तथा दायित्व प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा सर्नेछ ।

# हल्ला र तथ्य



सरकारले कृषकलाई सहज बनाउन जस्तो व्यवस्था गरेको छ भने पनि, भनेजस्तो सहज छैन । यसको लागि कसलाई गुहार्ने होला ?

यस सम्बन्धमा कहि कतै व्यवधान पर्न आएमा सोको यथासिघ्र सहजीकरण गर्न एवं समस्याको समाधान गर्न निम्नानुसारको द्रुत कार्य समुह (Rapid Response Team) लाई सम्पर्क गर्न सकिनेछ:
डा. हरिबहादुर के.सी., सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (९८५१२२५७५५)
डा. वंशी शर्मा, महानिर्देशक, पशुसेवा विभाग (९८५१०६७३८७)
पूर्ण बहादुर बुढा, पशु चिकित्सक, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (९८४९४५४००६)



अरु ठाउँमा परिक्षण गर्दा पोजेटिभ नतिजा आए, पुन: परिक्षणको लागि नमुना काठमाण्डौ पठाउँछ रे । के काठमाण्डौबाट जाँचेर नआउदासम्म उनिहरुलाई क्वारेन्टाईनमै राखिन्छ ?

देशका बिभिन्न प्रयोगशालामा भएको परिक्षणको नतिजाको क्रस भेरिफिकेशन राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, बि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र भेरी अस्पतालबाट गरिन्छ । प्रयोगशाला परिक्षणको नतिजा भेरिफिकेशन नहुँदासम्म आईसोलेशन र निगरानी लगायत व्यवस्थापन कार्य कोभिड पोजेटिभ सरहनै गर्नुपर्ने हुन्छ ।



काठमाण्डौ उपत्यकाभित्र सघन उपचार गराउनुपर्ने बिरामीलाई बाधा नपर्ने गरी सवारी पास दिने भनिए पनि हामी जस्ता आफ्नो सवारी नहुनेलाई त कुनै सुविधा भएन नि ।

नियमित डायलाईसिस गर्नुपर्ने मृगौलाका बिरामी, किमोथेरापी दिनुपर्ने क्यान्सरका बिरामी र दीर्घ रोगीलाई अस्पतालसम्म आवतजावत गर्नका लागि काठमाण्डौ महानगरपालिकाद्वरा व्यवस्था गरिएको नि:शुल्क एम्बुलेन्स सेवाको लागि ११८० मा डायल गर्नु पर्नेछ । यस विषयमा कुनै समस्या परेमा ट्राफिक प्रहरी उपरीक्षक द्वय जीवन श्रेष्ठलाई ९८५१०१६३१३ र राज कुमार वैदवारलाई ९८५११२२१३५ मा सम्पर्क गरी सेवा लिन सकिनेछ ।



राहत वितरणमा पनि जातीय छुवाछुत लगायतका विभेदजन्य कार्य भईरहेका छन् । यस्ता मुद्द हेर्ने कोही छैन ?

लकडाउनको समयमा राहत वितरणमा जातीय छुवाछुत लगायतका विभेदजन्य कार्य नदोहोरियोस भन्ने सुनिश्चित गर्न समता पाउण्डेशनले नि:शुल्क कानूनी परामर्शको व्यवस्था गरेको छ । तपाईको घरपरिवार, छरछिमेक वा गाउँटोलमा कुनै पनि प्रकारको जातिय छुवाछुत तथा विभेदजन्य कार्य भएमा अधिवक्ता प्रकाश नेपालीलाई ९८४१३५२३८१ मा सम्पर्क गर्न सकिन्छ ।

## सूचनाका स्रोतहरू


नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोरोना कोष सञ्चालन निर्देशिका, २०७६

कोभिड(१९ को अवस्थाअ

कृषि तथा पशुपंछी विकास मन्त्रालय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय




# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| देश | नेपाली | संक्रमित | नेपाली संक्रमित |
|---|---|---|---|
| साउदी अरव | ३,५२,६६७ नेपाली | ११,६३१ संक्रमित | ४ नेपाली संक्रमित |
| कुवेत | ८२,६३० नेपाली | २,०८० संक्रमित | ५ नेपाली संक्रमित |
| बहराईन | २८,२७६ नेपाली | १,९५२ संक्रमित | २२ नेपाली संक्रमित |
| कतार | ४,३७,००९ नेपबाली | ६,५३३ संक्रमित | २ नेपाली संक्रमित |
| युएई | २३,११,०८८ नेपाली | ७,७५५ संक्रमित | १० नेपाली संक्रमित |
| ओमान | ८,२५० नेपाली | १,५०८ संक्रमित | |
| मलेसिया | ४,६९,१३१ नेपाली | ५,४८२ संक्रमित | १ नेपाली संक्रमित |
| दक्षिण कोरिया | ५३,६९१ नेपाली | १०,६९४ संक्रमित | |




ShramikSanjal

## साउदी अरव स्थीत नेपाली दुतावासले श्रमिकको हितमा जारी गरेको सूचना

साउदी सरकारले विभिन्न तारे होटलहरूलाई क्वारेन्टाइनका रुपमा प्रयोग गर्न शुरु गरेको छ । यहाँ कार्यरत नेपालीहरूले काम गर्न नसक्ने भनी दूतावासमा गुनासो गरे पछि, दुतावासले होटल व्यवस्थापनसँग कुराकानी गरेको छ । होटलमा काम गर्ने सबैको सुरक्षाका लागि सरकारको निगरानी र निर्देशन अनुसार सावधानीका उपायहरु अवलम्वन गरेको र कुनै समस्या नभएको जनाएको छ । यसका लागि श्रमिकले आफ्नो समस्या प्रष्टरुपमा व्यवस्थापनसँग राख्न र सुरक्षाका सबै उपायहरु अवलम्वन गर्न अनुरोध गरेको छ ।

कम्पनीले जुनसुकै वहानामा, बसिरहेको आवासबाट अन्यत्र लैजान खोजेमा सो स्वीकार नगर्नुहोला । जानुपर्ने विश्वसनीय आधार भएमा चालकको भरमा मात्र नभई कम्पनीको प्रतिनिधिको साथमा मात्र जानुहोला । यसमा थप सहयोग आवश्यक परेमा प्रहरीको नं ९९९ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

आफ्नो रोजगारीका क्रममा विविध समस्या राख्दै नेपाली राजदूतावासमा टेलिफोन, ह्वाट्सएप, इमेलबाट सम्पर्क गर्दा आफ्नो नाम, जिल्ला, अकामा नम्वर, कार्यरत कम्पनीको नाम, कफिल वा म्यानेजर (जो समस्याका सम्बन्धमा जानकार छ) को नाम र नम्बर, नेपालको म्यानपावर कम्पनीको नाम र नम्बर, कार्य गरेको अवधि, हालको समस्या र उपलव्ध भएसम्म त्यहाँ कार्यरत भई समस्यामा परेका नेपालीको संख्या लगायतका विषयमा तथ्यपरक विवरणहरु उपलव्ध गराइदिनुहुन अनुरोध छ ।



सही सूचना

# अहिले महामारीको अवस्थामा महिलालाई उपयुक्त सुरक्षा व्यवस्था आवश्यक छ

## दर्ता भएका बलात्कार र घरेलु हिंसाका घटनाहरू
नेपाल प्रहरीबाट प्राप्त तथ्यांक ( चैत्र ११ - बैशाख १)




नेपाल प्रहरीका अनुसार, २०७६ साल चैत्र ११ गते लकडाउन सुरु भएदेखी अपराधका गतिविधिहरू ९०% ले घटेकाछन् । तर, लकडाउनको पहिलो तिन हप्ता देशभरीको तथ्यांक हेर्ने हो भने बलात्कार र घरेलु हिंसाका घटनामा कमी नआएको देखिन्छ । महिला तथा किशोरीहरू आफ्नै परिवार र समुदाय भित्र असुरक्षित छन् । बलात्कार र घरेलु हिंसा विरुद्ध लड्न जिम्मेवार र जवाफदेही स्थानीय सरकारको आवश्यकता छ ।

# $ फलो द मनी

जम्मा | खर्च

## संघिय सरकार

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब १० करोड**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च

**करिब १ अर्ब ५० करोड**

## प्रदेश १

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा हालसम्म जम्मा

**करिब २८ करोड ५६ लाख**

अहिले सम्म भएको कुल खर्च

**करिब १२ करोड ६ लाख**

accountabilitylab NEPAL

# कोभिड - १९ को कारणले नेपालको अर्थतन्त्र क्षेत्रमा पर्ने असर

## कोभिड-१९ अघि

सरकारी अनुमानित आर्थिक बृद्धिदर

**८.५%**

## कोभिड-१९ पछि

विश्व बैंक अनुमानित आर्थिक बृद्धिदर

**१.५% - २.८%**

**३१.२%**

**जनसंख्या**

चरम गरिबीको चपेटामा पर्ने

## प्रभावित हुने प्रमुख क्षेत्रहरु:

### व्यवसाय

- साना तथा मझौला उद्योगले ठुलो जोखिमको सामना गर्नुपर्नेछ
- कच्चा पदार्थ आयातमा कमि हुँदा उत्पादन घट्नेछ
- मुद्रा स्फीती दरमा बृद्धि हुनेछ

### कृषि

- खेतिपातीमा ढिलाई हुनेछ
- कृषिजन्य वस्तु बजारसम्म ढुवानी गर्न कठिनाई हुनेछ
- मौषमी खेती गर्न समस्या हुनेछ

### वैदेशिक रोजगार

- लाखौको रोजगारी गुम्नेछ
- देशको कुल गारहस्थ उत्पादनमा ठुलो असर पर्नेछ

### उत्पादन क्षेत्र

- उत्पादन क्षेत्र पूर्ण रुपमा धरासायी हुनेछ

### प्रयटन उद्योग

- प्रयटन वर्ष २०२० मा गम्भीर धक्का
- प्रयटनसंग सम्बन्धीत उद्योग व्यवसायहरु बन्द
- आन्तरीक तथा बाह्य आवतजावत सुचारु नहुदासम्म हवाई यातायात, ट्राभलल एण्ड ट्रेकिङ एजेन्सीहरु, कार्गो, होटल, रेष्टुरेण्ट व्यवसाय बेरोजगार जस्तै हुनेछन् ।

### अन्तरराष्ट्रिय व्यापार

- आयात र निर्यात दर दुबै घट्नेछ
- उद्योग कलकारखाना बन्द हुँदा र यातायात सेवामा बन्देजले अन्तरराष्ट्रिय आपुर्तीको श्रृंखला टुट्नेछ
- प्रयटन क्षेत्रमा मन्दी आउँदा र वस्तुको निर्यात घट्दा अन्तरराष्ट्रिय मुद्राको कमाई घटेर जानेछ

### सबैभन्दा धेरै प्रभावित

अनौपचारीक क्षेत्रमा कामगर्ने कामदारहरु (विशेष गरेर नेपाल र भारतमा दैनिक ज्यालादारीमा कामगर्ने कामदारहरु)

### भविश्यमा आउनसक्ने चुनौतीहरु

- आर्थिक अस्थिरता
- आर्थिक भार थपिनेछ
- बैंकिङ प्रणालिमा तरलताको संकट आउनेछ

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्डाटा क्टर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगाको
जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

**यसको परिक्षण कहाँ हुन्छ?**

यो रोगाको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला ठेकुका साथै सबै प्रदेशमा गारी जम्मा १४ वटा ठाउँहरुमा कोभिड - १९ को पि.सि.आर. विधिबाट नमुना परिक्षण गार्ने प्रयोगशालाहरु सञ्चालनमा छन् र आ.डि.टि. प्रविधिबाट ७७ वटै जिल्लामा यसको परिक्षण हुन्छ ।

**बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?**

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

**रिपोर्ट आउन कति समय लाग्छ?**

पि.सि.आर. विधिबाट नमुना प्रयोगशालामा पठाएको ६ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ भने, आर.डि.टि. प्रविधिबाट १५ मिनेटमा यसको रिपोर्ट थाहा पाउन सकिन्छ ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगाको संवादबाट संकलन गारिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गारीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219